# १. क्वारेन्टाइन बारे संक्षिप्त जानकारी

## १.१. परिचय

कुनै पनि रोग सर्नबाट रोक्नको लागि संक्रामक रोग लागेको हुन सक्ने आशंका भएको मानिस तथा पशुपंक्षीलाई अन्य (स्वस्थ्य) मानिस तथा पशुपंक्षीबाट निश्चित अवधिको लागि वा तोकिएको ठाउँमा अलग राख्ने प्रकृयालाई क्वारेन्टाइन भनिन्छ। यस अर्थमा क्वारेन्टाइन भन्नाले कार्य तथा स्थान दुईटै बुझिन्छ। विश्व पशु स्वास्थ्य संगठन (Office International des Epizooties) को अनुसार यो शब्दले समयावधी तथा क्वारेन्टाइन सम्बन्धि गरिने विभिन्न क्रियाकलापहरुको बोध गर्दछ। क्वारेन्टाइनको शाब्दिक अर्थ अनुसार यस्तो अवधि ४० दिनको भनिए पनि व्यवहारमा यो सम्भव हुदैन जसले गर्दा कुनै पनि संक्रामक रोगको रोगाणुको ओथारो बस्ने अवधि (Incubation Period) संग मिल्ने गरी क्वारेन्टाइन अवधि (Quarantine Period) निश्चित गरिन्छ।

क्वारेन्टाइन प्रणालीको प्रयोग कुनै पनि रोगको रोकथाम तथा एक ठाउँबाट अर्को ठाउँमा हुन सक्ने यसको संक्रमणबाट रोक्नको लागि धेरै पहिलेदेखि नै प्रचलनमा रहेको भए तापनि विश्व व्यापार संगठन (World Trade Organization) को स्थापनासँग यसको बढ्दो महत्वको पुष्टि भएको छ। विश्व व्यापार संगठन अन्तर्गतका विभिन्न अन्तर्राष्ट्रिय कानूनहरु मध्ये वस्तुको शुद्धता सम्बन्धि सम्झौता (Sanitary & Phytosanitary Measures) अनुसार यसको प्रत्येक सदस्य राष्ट्रसँग आफ्नो जनमानस, पशुपंक्षी तथा बोट बिरुवाको स्वास्थ्य तथा जीवनको रक्षा गर्ने सम्पूर्ण अधिकार हुन्छ। यस अनुसार राष्ट्रिय आवश्यकता तथा हितलाई मद्देनजर गर्दै कुनै पनि देशमा अन्तर्राष्ट्रिय तथा आन्तरिक गरी दुई भिन्न प्रकृतिका क्वारेन्टाइन अड्डाहरु स्थापना भएका हुन्छन्। अन्तर्राष्ट्रिय क्वारेन्टाइनले स्वच्छताको आधिकारिक प्रमाणपत्र (Authorized Sanitary Certificate) जारी गरी दुई मुलुक बिचको व्यापार नियमन गर्दछ भने आन्तरिक क्वारेन्टाइनले मुलुक भित्र वस्तुको ओसार पसार व्यवस्थापन तथा पैठारी भएर ल्याईएका मालसमानहरू मुलुकमाप्रवेश पाएदेखि गन्तव्यमा पुगिञ्जेल वा बिक्री वितरण गरिञ्जेल जाँच गर्दछ।

## १.२. व्यापारको विश्वव्यापीकरण तथा क्वारेन्टाइन

व्यापारको विश्वव्यापीकरण (Trade Globalization)को बढ्दो प्रभावसँग क्वारेन्टाइनको व्यापकता पनि बढ्दै गएको छ। यसको स्थापना तथा प्रयोग बाह्य मुलुकबाट देशभित्र पशुपंक्षी, मानिस तथा बनस्पतिमा लाग्ने रोगहरुको प्रवेश रोक्नु तथा क्रमशः व्यापार र आवत जावत नियमन गर्नमा मात्र सीमित नभई पशुपंक्षीजन्य पदार्थ तथा पशु उत्पादन सामग्री,बोट बिरुवा तथा खाद्य वस्तुहरुकोव्यापार नियमनमा समेत हुदै आएका छन्। वास्तवमा पशु,बिरुवा वा खाद्य क्वारेन्टाइन कुनै पनि मुलुकको भन्सार प्रणालीको कार्य सम्पादनमा रणनैतिक नियमनकारी साझेदार (Strategic Regulatory Partner) को रुपमा काम गरी रहेका हुन्छन्। सीमापार व्यापारको अन्तराष्ट्रिय अभ्यासलाई हेर्ने हो भने मुलुकको अन्तराष्ट्रिय सीमामा आएका मालसमानहरु (Consignment) लाई सुरक्षा जाँच गर्दै आयातित मालसमानको प्रकृति अनुसार सम्बन्धित क्वारेन्टाइन (पशु,कृषि,खाद्य) ले आवश्यक प्राविधिकीयजाँच गरेर सम्बन्धित ऐनमा उल्लेखित क्वारेन्टाइन प्रमाणपत्र जारी गरेपछि मात्र भन्सारले आफ्नो कारवाही अगाडी बढाउनु पर्ने हुन्छ। यस प्रकार विश्व भरी अवलम्बन गरिएको

"अग्रपंक्तिमा क्वारेन्टाइन (Quarantine First)"को अवधारणा तथा अभ्यास नेपालको सीमानामा पनि अनुशरण गर्नु पर्ने टड्कारो आवश्यकता देखिन्छ।

### १.३. पशु क्वारेन्टाइनको आवश्यकता

विश्व व्यापारीकरणको अभ्याससँग विश्व भरीपशु क्वारेन्टाइन प्रणाली एकदम सुदृढ, चुस्त तथा दुरूस्त भएका छन्। कुनै पनि मुलुकको पशु क्वारेन्टाइन सेवाले पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको व्यापारको क्रममा वा अन्य अवस्थामा समेत सीमापारबाट भित्रिन सक्ने पशुपंक्षीका रोगहरूको रोकथामका लागि अहोरात्र काम गरी रहेका हुन्छन्। वास्तवमा पशु क्वारेन्टाइन सेवा कुनै पनि मुलुकको पशु रोग अन्वेषण प्रणाली (Disease Intelligence System) को अभिन्न अङ्गको रूपमा काम गरि रहेको हुन्छ। समग्रमा पशु क्वारेन्टाइन सेवा कुनै पनि मुलुकको लागि निम्नलिखित कारणहरुले गर्दा आवश्यक हुन्छः

- पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामग्रीको उदगमस्थलको जानकारी राख्न।
- पशु,पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको अन्तर्राष्ट्रिय व्यापार नियमन गर्न।पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुको आयातबाट उत्पन्न हुनसक्ने जोखिमको विश्लेषण गर्न।
- आयातित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरुबाट देशभित्र प्रवेश पाउन सक्ने बाह्य रोगहरुको रोकथाम गर्न।
- आधिकारिक स्वच्छता तथा शुद्धताको प्रमाणपत्रतथा अन्तर्राष्ट्रिय स्वास्थ्य प्रमाणपत्र  जारी गर्न।

## २. नेपालमा पशु क्वारेन्टाइन सेवाको विकासक्रम

### २.१. ऐतिहासिक पृष्ठभूमी

सन् १९६० को दशकमा नेपालमा फैलिएको गौगोटी रोगको महामारीको कारण पशु पालन क्षेत्रमा राष्ट्रले अपूरणीय क्षत्ति व्यहोर्नु परेको थियो। यसको परिणाम स्वरूप सरकारले पशु रोग नियन्त्रण तथा रोकथाममा पशु क्वारेन्टाइनको भूमिकालाई महत्व दिदै देशको चार वटा विकास क्षेत्रको तराईका चार जिल्लाहरुमा पशु क्वारेन्टाइन चेकपोष्टहरूको स्थापना गरेको थियो। यसपछि सन् १९८०/८५ को अवधिमा एशियाली विकास बैंकको सहयोगमा संचालित पहिलो पशु विकास आयोजना मार्फत पशुपंक्षीको अन्तरसीमा व्यापार तथा अनाधिकृत आवतजावत बढी हुने नाकाहरुमा २० वटा पशु क्वारेन्टाइन चेकपोष्टहरु स्थापना भएको थियो।ती चेकपोष्टहरु सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले व्यस्थापन गर्ने गरी एक जना नायव प्राविधिक सहायक तथा एक जना मेसेन्जरको अस्थायी दरवन्दी सृजना गरी संचालनमा ल्याइएको थियो। त्यस ताका मुलुकको पशु सेवा तर्फ अत्यधिक न्युन जनशक्ति रहेको हुंदा नव स्थापित चेकपोष्टहरुले पशु उपचार तथा पशु सेवा सम्बन्धि प्रचार प्रसार जस्ता कृयाकलापहरूमा संलग्न गरिएका थिए। सन् १९९२ मा कृषि मन्त्रालयको दरवन्दी पुर्नसंरचनाको क्रममा पशु क्वारेन्टाइन सेवाको बढ्दो अवश्यकता महसुस गरेर केन्द्रमा एउटा केन्द्रिय पशु क्वारेन्टाइन शाखा स्थापना गरी यस अन्तर्गत सो अवधि सम्म स्थापित २४ वटा पशु क्वारेन्टाइन चेकपोष्टहरु व्यवस्थापन गरियो। पशु क्वारेन्टाइन चेकपोष्टहरुमा एक जना पशु चिकित्सक, दुई जना प्राविधिक सहायक र दुई जना मेसेन्जर गरि जम्मा पाँच जनाको दरवन्दी समेत सृजना गरियो। त्यसपछि

केन्द्रमा एउटा केन्द्रिय पशु क्वारेन्टाइन कार्यालय तथा देश भरी आठ वटा पशु क्वारेन्टाइन कार्यालय स्थापना गरी चेकपोष्टहरुलाई कार्यालय मातहत रहने गरी व्यवस्थापन गरिदै आएको छ। यद्यपि आ.ब. २०७५/७६ मा भएको संगठन तथा व्यवस्थापन सर्भे अनुसार पशु सेवा विभाग अन्तरगत विभिन्न प्रकारका सेवाहरू संघीय संरचना अनुरूप संघीय, प्रादेशिक तथा स्थानिय तहमा व्यवस्था हुने भई साविकको केन्द्रिय पशु क्वारेन्टाइन कार्यालय हाल आएर पशु सेवा विभाग अन्तर्गत पशु क्वारेन्टाइन महाशाखाको रुपमा स्थापित भएको छ।

## २.२. पशु क्वारेन्टाइन कार्यालयको उद्देश्य

मुलुकभरी स्थापित पशु क्वारेन्टाइन कार्यालयहरु निम्न लिखित उद्देश्यहरु लिएर कामकाज गर्दै आई रहेका छन्ः

- बाह्य मुलुकबाट भित्रिन सक्ने नवीनतम तथा अन्य संक्रामक रोगहरुलाई भित्रिन नदिने।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको आयात निर्यातलाई व्यवस्थित गर्ने।
- देशभित्र कुनै संक्रामक रोग फैलिएमा सम्बन्धित पशु सेवा विज्ञ केन्द्र तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी रोकथाम र नियन्त्रण गर्ने।
- बाह्य मुलुकबाट भित्रिन सक्ने संक्रामक रोगहरूको बारेमा जनचेतना अभिवृद्धि गर्ने।
- रोग निदान र नियन्त्रणमा पशु रोग अन्वेषण प्रयोगशालालाई सहयोग गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र तत्सम्वन्धि नियमावली,२०५६ मा भएका क्वारेन्टाइन सम्वन्धि व्यवस्थाहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

## २.३. नेपालमा पशु क्वारेन्टाइन प्रणालीको विद्यमान संरचना

माथि उल्लेख गरिए झैं मुलुकको क्वारेन्टाइन प्रणाली तर्फ विभिन्न समयावधिमा भएको विस्तार तथा यिनको कार्य विस्तृतीकरणसँग पशु क्वारेन्टाइन एउटा बलियो सञ्जालको रूपमा विकास हुदै गएको पाइन्छ। नेपालमा पशु क्वारेन्टाइन प्रणालीको विद्यमान संरचना तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १ः नेपालमा पशु क्वारेन्टाइन प्रणालीको विद्यमान संरचना**

| क्र.सं. | कार्यालयको नाम | कार्यक्षेत्र | अन्तर्गतका चेकपोष्टहरू | कैफियत |
|---|---|---|---|---|
| १. | पशु क्वारेन्टाइन महाशाखा, ललितपुर | देशभरी | क्वारेन्टाइन कार्यालय तथा चेकपोष्टहरू | |
| २. | पशु क्वा. कार्यालय, सिनामङ्गल, काठमाडौं | सिन्धुपाल्चोक, रसुवा, काठमाडौं, चितवन | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, तातोपानी, केरूङ्ग, नागढुङ्गा, रामनगर | केरूङ्ग, नागढुङ्गा (अस्थायी आ.क्वा.), रामनगर (आ.) |
| ३. | पशु क्वा. कार्यालय, कांकडभिट्टा, झापा | झापा, इलाम, ताप्लेजुङ्ग | कांकडभिट्टा, गौरीगञ्ज, पशुपतिनगर | |
| ४. | पशु क्वा. कार्यालय, विराटनगर, मोरङ्ग | मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा | रानी, भण्टाबारी, माडर | रानी चेकपोष्ट Integrated Check Post अन्तर्गत लगिएको। |

| | | | | |
|---|---|---|---|---|
| ५. | पशु क्वा. कार्यालय, जनकपुर, धनुषा | महोत्तरी, धनुषा, सर्लाही | भिट्ठामोड, जटही, मलंगवा | |
| ६. | पशु क्वारेन्टाइन कार्यालय, विरगञ्ज, पर्सा | रौतहट, बारा, पर्सा | औरैया, सिरसिया, मटिअर्वा, पथलैया | सिरसिया चेकपोष्ट Integrated Check Post अन्तर्गत लगिएको। |
| ७. | पशु क्वा. कार्यालय, भैरहवा, रूपन्देही | नवलपरासी, रूपन्देही, कपिलवस्तु | महेशपुर, बेलहिया, कृष्णनगर | |
| ८. | पशु क्वा. कार्यालय, नेपालगञ्ज, बाँके | दाङ्ग, बाँके, बर्दिया | भन्सार रोड नेपालगञ्ज, गुलरिया, भालुवाङ्ग | भालुवाङ्ग चेकपोष्ट (अस्थायी अन्तरिक)। |
| ९. | पशु क्वा. कार्यालय, गड्डाचौकी, कञ्चनपुर | कञ्चनपुर, कैलाली, दार्चुला | गड्डाचौकी भन्सार, बेलौरी, मोहना (धनगढी), दार्चुला | |

# ३. पशु क्वारेन्टाईन कार्यालय रूपन्देही

## ३.१. परिचय

नेपाल सघिय व्यवस्थामा प्रवेश गरे अनुसार लुम्विनी प्रदेश अन्तर्गत अवस्थित रुपन्देही जिल्ला लुम्विनी प्रदेशको प्रमुख औधोगिक तथा व्यापारिक केन्द्र मानिन्छ। वि.स.२०५० मा क्वारेन्टाइन चेकपोष्टहरुमा एक जना सहायक पशु चिकित्सक, दुई जना प्राविधिक सहायक र दुई जना कार्यालय सहयोगी गरी जम्मा पाँच जनाको दरवन्दी कायम भएको थियो । त्यसै गरी आ.ब. २०६०/६१ मा २४ वटै चेकपोष्टहरुलाई आठ वटा नवस्थापित पशु क्वारेन्टाइन कार्यालय अन्तर्गत व्यवस्थापन हुने गरी कायम गरियो। यिनै आठ वटा क्वारेन्टाइन कार्यालयहरू मध्येको एक पशु क्वारेन्टाइन कार्यालय, रुपन्देही हो ।यस कार्यालयको स्थापना बुटवल स्थित तत्कालिन पशु क्वारेन्टाईन चेकपोष्ट, बुटवलको भवनमा भएतापनि पुन: विभागिय निर्णयानुसार रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिकामा रहेको जिल्ला पशु सेवा कार्यालय (हाल भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र) रुपन्देहीको प्राङ्गडमा तत्कालिन सिमेन बैकको भवनमा स्थापित छ। आ.ब.२०७५/७६ देखि संघीयता कार्यान्वयनको अभ्यास सँगै भएको संस्था तथा व्यवस्थापन सर्भे अनुसार यस कार्यालय अन्तर्गत एक जना वरिष्ठ पशु चिकित्सक, चार जना पशु चिकित्सक,छ जना पशु स्वास्थ्य प्राविधिक, १/१ जना लेखापाल तथा खरीदार, एक जना हलुका सवारी चालक र चार जना कार्यालय सहयोगी गरी कुल १८ जनाको दरबन्दी कायम भएको छ।

## ३.२. कार्यक्षेत्र

प्रशासनिक तथा राजनैतिक विभाजन अनुसार लुम्विनी प्रदेशका तीन जिल्लाको पशु क्वारेन्टाइन सम्बन्धि मुद्दा हेर्ने अभिभारा पशु क्वारेन्टाइन कार्यालय, रुपन्देहीको हो।यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत रुपन्देही, कपिलबस्तु र नवलपरासी जिल्लाहरू पर्दछन्।

### ३.२.१ पशु क्वारेन्टाईन चेकपोष्ट बेलहिया, रुपन्देही

महेन्द्र राजमार्गको बुटवलबाट करिव २५ किलोमिटर दक्षिणमा सिद्धार्थनगर नगरपालिका वडा नं. १ बेलहियामा आफ्नै भवनमा अवस्थित यो चेकपोष्ट दोस्रो पशु विकास आयोजना अन्तर्गत गौगोटी रोग नियन्त्रण

कार्यक्रम सचालन गर्ने समयमा स्थापना भएको हो।यो चेकपोष्ट मुलुकको प्रमुख नाकाहरुमध्ये एक नाकाको रुपमा रहेको छ।जुनोसिस रोग नियन्त्रण आयोजना काठमाडौले चेकपोष्टकै कम्पाउण्डमा कार्यालय भवन तथा होल्डिङ्ग यार्डको निमार्ण २०७०/७१ मा गरेको हो र सोही भवनको माथी पहिलो तल्ला थप निर्माण कार्य आ. व. २०७३/७४ मा सम्पन्न भएको हो।यस चेकपोष्टको प्रमुख नाका बेलहिया रहेको छ।यस चेकपोष्टबाट प्रमुख रुपमा आयात हुने पशु पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीहरुमा खाने माछा, सिपी, फिड सप्लीमेन्ट, क्याटल फिड र डग फुड रहेका छन् ।

### ३.२.२ पशु क्वारेन्टाईन चेकपोष्ट कृष्णनगर, कपिलवस्तु

यो चेकपोष्ट महेन्द्र राजमार्गको चन्द्रौटा बाट करीब २० किलोमिटर दक्षिण, कृषणनगरमा अवस्थित रहेको छ।यो चेकपोष्ट शुरुमा कपिलबस्तु जिल्लाको सुठौलीमा आफ्नै भवनमा स्थापना भएको थियो।विभागिय निर्णयानुसार २०५६ सालमा सुठौलीबाट कृष्णनगरमा भाडाको घरमा रहेको थियो भने हाल यो चेकपोष्ट आफ्नै सात कोठाको भवन रहेको छ।यस चेकपोष्टको भवन एभिएन एन्फुलेन्जा नियन्त्रण आयोजना काठमाण्डौको सहयोगमा २०६९/०७० मा निर्माण भएको हो।यस चेकपोष्टको मुल नाका कृष्णनगर रहेको छ।यस चेकपोष्टबाट प्रमुख रुपमा आयात हुने पशु पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीहरुमा फिड सप्लीमेन्ट र माछाको दाना रहेका छन् ।

### ३.२.३ पशु क्वारेन्टाईन चेकपोष्ट महेशपुर, नवलपरासी

शुरुमा नवलपरासी जिल्लाको त्रिवेणी गा.वि.स.मा स्थापना भएको यो चेकपोष्ट विभागिय निर्णयनुसार महेन्द्र राजमार्गको बर्दघाट भन्ने स्थानबाट करिब ९ किलोमिटर दक्षिणमा पर्ने नवलपरासी जिल्लाको मुख्य नाका महेशपुरमा रहेको छ।नाकाहरुबाट आउने पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीहरुको क्वारेन्टाईन जाँच गर्नुका साथै गत बिगतका वर्षहरुमा प्रत्यक मंगलबार परासी र जमुनियामा लाग्ने पशु हाटबजारमा समेत क्वारेन्टाईन सेवा पुर्याईएको थियो।मुख्यरुपमा रांगा र भैसी यहाँबाट काठमाण्डौ, पोखरा, चितवन लगायत र स्थानीय बजारमा मासु र दुध उत्पादनको लागि जाने गर्दछन ।

## ३.३. स्वीकृत दरबन्दी तथा जनशक्ति विवरण

आ.ब. २०७५/७६ मा भएको दरबन्दी पूनर्संरचना अनुसार पशु क्वारेन्टाइन कार्यालय, रुपन्देहीको स्वीकृत दरबन्दी तथा हाल कार्यरत जनशक्तिको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २: पशु क्वारेन्टाइन कार्यालय, रुपन्देहीको स्वीकृत दरबन्दी तथा हाल कार्यरत जनशक्तिको विवरण**

| क्र.सं. | पद | श्रेणी | जनशक्तिको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरबन्दी | पदपूर्ती | रिक्त | |
| १. | ब.प.चि. | रा.प.द्वि.प्राविधक | १ | १ | ० | |
| २. | प.चि. | रा.प.तृ.प्राविधिक | ४ | ३ | १ | |
| ३. | प.स्वा.प्रा. | रा.प.अनं.प्र.प्रा. | ६ | ५ | १ | |
| ४. | लेखापाल | रा.प.अनं.प्र.अप्रा. | १ | १ | ० | |
| ५. | खरीदार | रा.प.अनं.द्वि.अप्रा. | १ | १ | ० | |
| ६. | ह.स.चा. | श्रेणीविहीन | १ | १ | ० | १ व्यक्ति करारमा लिइएको |
| ७. | का.स. | श्रेणीविहीन | ४ | ४ | ० | २ व्यक्ती करारमा |
| **जम्मा** | | | **१८** | **१६** | **२** | |

## ३.४. सांगठनिक ढाँचा

उपरोक्त विवरणको आधारमा पशु क्वारेन्टाइन कार्यालय,रुपन्देहीको सांगठनिक ढाँचा निम्नलिखित चित्र मार्फत व्यक्त गरिन्छ ।




## ३.५. कर्मचारी विवरण

तालिका ३ मा पशु क्वारेन्टाईन कार्यालय रुपन्देहीमा कार्यरत कर्मचारीहरूको विवरण पेश गरिएको छ ।

तालिका ३: पशु क्वारेन्टाइन कार्यालय, रुपन्देहीमा कार्यरत कर्मचारी विवरण

| क्र.सं. | पद | कर्मचारीको नाम थर | कार्यरत स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | प्राविधिक कर्मचारीहरू | | | |
| १.१ | व.प.चि. | श्री डा. भक्त निउरे | प.क्वा.का. रुपन्देही | |
| १.२ | प.चि. | श्री डा. दयाराम चौधरी | प.क्वा.चे.पो. कृष्णनगर | |
| १.३ | प.चि. | श्री डा. संतोष यादव | प.क्वा.चे.पो. बेलहिया | |
| १.५ | प.चि. | श्री डा. मनोज अधिकारी | प.क्वा.चे.पो. महेशपुर | |
| १.६ | प.स्वा.प्रा. | श्री चन्दा गिरी | प.क्वा.चे.पो. कृष्णनगर | |
| १.७ | प.स्वा.प्रा. | श्री ठाकुर प्रसाद खडका | प.क्वा.चे.पो. बेलहिया | |
| १.९ | प.स्वा.प्रा. | श्री शुभम सोती | प.क्वा.चे.पो. कृष्णनगर | |
| १.५ | प.स्वा.प्रा. | श्री स्निया गुरुङ्ग | प.क्वा.का. रुपन्देही | |
| २ | प.स्वा.प्रा. | श्री शंकर भण्डारी | प.क्वा.चे.पो. बेलहिया | |
| २. | अप्राविधिक कर्मचारीहरू | | | |
| २.१ | स्थायी कर्मचारीहरू | | | |
| २.१.१ | लेखापाल | श्री रुद्रप्रसाद खनाल | प.क्वा.का. रुपन्देही | |
| २.१.२ | खरिदार | श्री सुनिता पौडेल | प.क्वा.का. रुपन्देही | |
| २.१.३ | का.स. | श्री शरण अहिर | प.क्वा.चे.पो. बेलहिया | |
| २.१.४ | का.स. | श्री सृजना रेग्मी | प.क्वा.का. रुपन्देही | |
| २.२ | सेवा करार | | | |
| २.२.१ | ह.स.चा. | श्री प्रेम बहादुर कुँवर | प.क्वा.का. रुपन्देही | व्यक्ति करार |
| २.२.२ | का.स. | श्री शैलेश ठाकुर | प.क्वा.का. महेशपुर | व्यक्ति करार |
| २.२.३ | का.स. | श्री कृष्ण चौधरी | प.क्वा.का. कृष्णनगर | व्यक्ति करार |

### ३.६. अचल सम्पत्ति तथा भौतिक पूर्वाधार सम्बन्धि विवरण

पशु क्वारेन्टाइन कार्यालय, भैरहवा तथा अन्तर्गतका चेकपोष्टहरूसँग रहेका अचल सम्पत्ति तथा भौतिक पूर्वाधारहरूको विवरण तालिका ४मा प्रस्तुत गरिएको छ ।

**तालिका ४ः पशु क्वारेन्टाइन कार्यालय, भैरहवाको अचल सम्पत्ति तथा भौतिक पूर्वाधार सम्बन्धि विवरण**

| क्र. सं | भौतिक पूर्वाधार | प.क्वा.का. भैरहवा | पशु क्वारेन्टाइन चेकपोष्टहरू | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बेलहिया | कृष्णनगर | महेशपुर | |
| १. | जग्गा | | | | | |
| १.१ | उपलब्धता | छ | छ | छ | छैन | |
| १.२ | क्षेत्रफल | - | ०-२-० | ०-२-० | - | |
| १.३ | किता नं. | - | १८३ | ६८५ | - | |
| २. | कार्यालय भवन | छ | छ | छ | छैन (घर भाडा) | |
| ३. | आवास | छ | छ | छ | छैन | |
| ४. | प्रयेगशाला | छैन | छ | छ | | |
| ५. | **सवारी साधन** | | | | | |
| ५.१ | चार पाङ्ग्रे | छ | छैन | छैन | छैन | |
| ५.२ | मोटरसाइकल | छ | छ | छ | छ | |
| ६. | एनिमल सेड | छैन | छ | छ | छैन | |

## ३.७. मुख्य कार्यक्रम तथा कृयाकलापहरू

पशु क्वारेन्टाइन कार्यालय, भैरहवाको आ.ब. २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मुख्य मुख्य कार्यक्रम तथा क्रियाकलापहरू निम्न अनुसार रहेको थियो।

- आयातित पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको क्वारेन्टाइन जाँच गर्ने।
- ढुवानी साधन निःसंक्रमण गर्ने।
- आयातित पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीको नमुना संकलन तथा प्रेषण गर्ने।
- सीमानामा सर्भिलेन्स, नमुना संकलन तथा प्रेषण गर्ने।
- ऐन, नियम तथा मापदण्ड बारे सरोकारवालाहरूसँग अन्तर्कृया कार्यक्रम सञ्चालन गर्ने।
- अवैध समातिएका पशु तथा पशुजन्य पदार्थ नष्ट गर्ने।
- स्थलगत प्रारम्भिक नमुना परीक्षण गर्ने।
- नाका अनुगमन गर्ने।
- क्वारेन्टाइन कार्यको अनुगमन गर्ने।
- भ्याक्सिनेशन गर्ने (पी.पी.आर.)
- अवैध पैठारी नियन्त्रणका लागि सीमा नाकामा गस्ती गर्ने ।
  स्थानीय पत्रपत्रिका तथा संचार माध्यबाट सूचना प्रसारण(अन्य) ।

# ४. आ.ब. २०८१/८२ को प्रगति प्रतिवेदन

## ४.१. बार्षिक प्रगति प्रतिवेदन

पशु क्वारेन्टाइन कार्यालय, रुपन्देहीको आ.ब. २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन तालिका ५मा प्रस्तुत गरिएको छ ।

**तालिका ५ः पशु क्वारेन्टाइन कार्यालय, रुपन्देहीको आ.ब. २०८१/८२ को बार्षिक प्रगति प्रतिवेदन**

| क.स. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष्य | | | बार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट |
| अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | |
| ११.३.१.१३ | मोटर साईकल खरिद | ३११२१ | संख्या | १ | १.४८ | ३.३ | १ | १.४८ | २.९४ |
| ११.३.२२.१००७ | महेशपुर तथा कृष्णनगर चेकपोष्टको लागि ल्यापटप खरिद | ३११२२ | वटा | २ | ०.९ | २ | २ | ०.९ | १.९ |
| ११.३.२२.१००२ | बेलहिया चेकपोष्टमा सोलार, ब्याट्री, तथा ईन्भर्टर खरिद | ३११२२ | पटक | १ | १.३५ | ३ | १ | १.३५ | २.८५ |
| ११.३.२२.११५० | अवैध आयात भएका पन्छीको मानवीय ढङ्गबाट नष्ट गर्न CO2 chamber खरिद | ३११२२ | पटक | १ | ०.४५ | १ | ० | ०. | ० |
| ११.६.१३.४३८ | कार्यलयको लागी फर्निचर तथा फर्निसिङ खरिद | ३११२२ | पटक | १ | ०.९ | २ | १ | ०.९ | १.८७ |
| ६७ | फर्निचर तथा फिक्चर्स | ३११२३ | | | | | | | |
| ११.६.१३.८७९ | बेलहिया, महेशपुर तथा कृष्णनगर चेकपोष्टका लागि फर्निचर खरिद | ३११२३ | पटक | ३ | १.३५ | ३ | ३ | १.३५ | २.९९ |
| **क) पूँजीगत खर्च कार्यक्रमको जम्माः** | | | | **९** | **६.४३** | **१४.३** | **८** | **५.९८** | **१२.५५** |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | |
| १.१.१.३० | का. स. पाँचौं स्तर | २११११ | जना | ० | ४.७५ | १०.५८ | २ | ४.७५ | १०.५७ |
| १.१.१.९० | रा.प.अनं.प्र.(प्रा) | २११११ | जना | ० | १७.७ | ३९.४६ | ६ | १५.९३ | ३१.५७ |
| १.१.१.९१ | रा.प.अनं.प्र. (प्र) | २११११ | जना | १ | २.९५ | ६.५८ | १ | ६.५८ | ६.४५ |
| १.१.१.९२ | रा.प.अनं. द्वित्तीया (प्र) | २११११ | जना | ० | २.७९ | ६.२२ | १ | २.७९ | ६.१५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.१.१.१०० | रा.प.द्धितिया प्रा | २११११ | जना | १ | ३.८ | ८.४८ | १ | ३.८ | ८.३९ |
| १.१.१.१०१ | रा.प.तृतिय.प्रा | २११११ | जना | ० | १३.२ | २९.३६ | ४ | १३.२ | २३.५८ |
| १.१.२.१९ | हलुका सवारी चालक | २११११ | जना | ० | ० | ० | ० | ० | ० |
| १.६.२.३ | नयाँ नियुक्त हुने स्थायी कर्मचारीको योगदानमा आधारित निवृत्तभरण | २१२१२ | जना | ४ | ०.५६ | १.२४ | ४ | ०.५६ | १.२१ |
| १.६.४.१ | कर्मचारीको योगदानमा आधारित वीमा कोष खर्च | २१२१३ | जना | १५ | ०.३२ | ०.७२ | १३ | ०.२७ | ०.६४ |
| २.१.१.१ | धाराको महसुल | २२१११ | पटक | १२ | ०.१६ | ०.३६ | १२ | ०.१६ | ०.३६ |
| २.२.२.३६८ | चाडपर्व लक्षित पशु क्वारेन्टाईन सम्वन्धी चेतनामुलक कार्यक्रम तथा पशु कल्याण ढुवानी मापदण्ड कार्यान्वयन लगायतको अनुगमन | २२२१२ | पटक | १८० | ०.१४ | ०.३१ | १८० | ०.१४ | ०.३१ |
| २.९.४.३२ | जिर्ण भई चालु हालतमा नरहेका लिलाम ब्रिक्री गर्नुपर्ने ४ मोटरसाईकलको नविकरण | २२२१४ | संख्या | ४ | १.३५ | ३ | १ | ०.३३७५ | ०.०१ |
| २.३.१८.७८ | कार्यालय भवनमा थ्रिफेज लाइन जडान तथा रिवायरीङ्ग | २२२९१ | पटक | १ | १.१२ | २.५ | १ | १.१२ | २.५ |
| २.४.१.१५ | कार्यालय मसलन्द सामान खर्च | २२३११ | पटक | ४ | १.३५ | ३ | ४ | १.३५ | ३ |
| २.४.१.१२० | मास्क सेनीटाईजर ग्ल्भ्स खरिद | २२३११ | पटक | ४ | ०.२७ | ०६ | ४ | ०.२७ | ०.६ |
| २.५.३.२७७ | कम्प्युटर सर्भिसिङ्ग सेवा (सेवा तथा परामर्श सेवा) | २२४११ | पटक | १ | ०.३२ | ०.७२ | १ | ०.३२ | ०.७२ |
| २.५.३.३४३ | सरसफाई सेवा | २२४११ | जना | १ | ०.२७ | ०.६ | १ | ०.२७ | ०.६ |
| २.६.५.३७१ | पशु हाटबजार सँग सग्लग्न सरोकारवालाहरुलाई पशु क्वारेन्टाईन सम्बन्धी सचेतना कार्यक्रम | २२५१२ | पटक | ३ | ०.६७ | १.५ | ३ | ०.६७ | १.५ |
| २.६.६.१२०९ | सिमा क्षेत्र स्थित बोर्डर आउट पोष्ट सशस्त्र प्रहरी स्तरीय अन्तरक्रीया गोष्ठी | २२५१२ | पटक | ३ | ०.६७ | १.५ | ३ | ०.६७ | १.५ |
| २.६.६.१२१० | Emerging Disease सम्बन्धि अन्तरक्रिया कार्यक्रम | २२५१२ | पटक | २ | ०.५४ | १.२ | २ | ०.५४ | १.२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.६.६.१२११ | जैविक सुरक्षा सम्बन्धि अन्तरक्रिया कार्यक्रम ( अन्तरक्रिया गोष्ठी) | २२५१२ | पटक | २ | ०.५४ | १.२ | २ | ०.५४ | १.२ |
| २.६.६.८५१ | पशु ढुवानी मापदण्ड, २०६४ को प्रभावकारी कार्यान्वयनको लागि सरोकारवालाहरूसँग अन्तरकृया कार्यक्रम | २२५१२ | पटक | ३ | ०.६७ | १.५ | ३ | ०.६७ | १.५ |
| २.९.६.४ | कार्यालयमा दैनिक चियापान खर्च तथा अन्य भैपरि आउने विविध खर्च | २२७११ | महिना | १२ | १.०८ | २.४ | १२ | १.०८ | २.४ |
| १ | क्वारेन्टाइन जाँच (पशु स्वास्थ्य) | | | | | | | | |
| २.७.६.५० | क्वारेन्टाइन जाँच | २२५२२ | संख्या | १५०० | ०.६७ | १.५ | ५१९ | ०.२३ | १.२१ |
| २ | आयात निर्यात रेकर्ड तथा तथ्यांक व्यवस्थापन | | | | | | | | |
| २.७.१८.२९९ | आयात/निर्यात रेकड तथा तथ्यांक व्यवस्थापन | २२५२२ | पटक | ४ | ०.१८ | ०.४ | ४ | ०.१८ | ०.३२ |
| ७ | क्वानरेण्टाइन समन्वय बैठक (पशु स्वास्थ्य) | | | | | | | | |
| २.७.५.६२६ | सुरक्षा निकाय जिल्ला प्रशासन सँग क्वरेन्टाइन समन्वय | २२५२२ | पटक | ३ | ०.६७ | १.५ | ३ | ०.६७ | १.३७ |
| ८ | ऐन नियम मापदण्ड बारे सरोकारवालासँग अन्तरक्रिया | | | | | | | | |
| २.७.१८.१६१० | सुरक्षा निकाय पत्रकार व्यवसायीहरुलाई क्वारेन्टाईन सम्बन्धी सचेतना कार्यक्रम | २२५२२ | पटक | ३ | १.०८ | २.४ | ३ | १.०८ | २ |
| ११ | सिमा नाका नजिकका विद्यालयहरुमा जुनोटिक तथा क्वारण्टाइन सम्बन्धि प्रसार सामग्री वितरण तथा सचेतना कार्यक्रम | | | | | | | | |
| २.७.१८.८२० | सिमा नजिकका विद्यालयहरुमा जुनोटिक तथा क्वारेन्टाइन सम्बन्धि प्रचार सामग्री वितरण तथा सचेतना कार्यक्रम | २२५२२ | संख्या | ३ | ०.४ | ०.९ | ३ | ०.४ | ०.८३ |
| १२ | अवैध पैठारी नियन्त्रणकालागि सुरक्षाकर्मीहरुसँग सिमा नाकामा संयुक्त गस्ती (आन्तरिक भ्रमण) | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७.१८.१४०६ | सयुक्त नाका अनुगमन (प्रहरी व्यवसायी पत्रकार तथा कार्यालय) | २२५२२ | समूह | ४ | १.०८ | २.४ | ४ | १.०८ | २.१ |
| २.७.१८.१८०४ | अवैध बरामद पशुपंक्षी नष्ट गर्न फर्मालिन, भिर्कोिन,चुना,फिनायल,स्यानी टाइजर आदी खरीद | २२५२२ | पटक | ४ | ०.९ | २ | २ | ०.४५ | १.७५ |
| १३ | माछामा फर्मालिन जाँचकोलागि टेस्ट किट खरिद | | | | | | | | |
| २.७.६.३६६ | भारत तथा तेस्रो मुलुकबाट आयात हुने माछाको गुणस्तर परिक्षणको लागि फर्मालिन किट खरिद | २२५२२ | संख्या | १८० | ०.६५ | १.४४ | १८० | ०.६५ | १.३४ |
| १४ | वेभ साइट अपडेट गर्ने | | | | | | | | |
| २.५.४.१६ | कार्यालयको वेवसाईट अध्यावधिक | २२४१२ | पटक | १ | ०.२२ | ०.५ | १ | ०.२२ | ०.५ |
| २५ | पोसाक | | | | | | | | |
| १.३.१.३ | स्थायी कर्मचारीहरूको पोशाक भत्ता(पदाधिकारी एवं निजामति कर्मचारी) | २११२१ | जना | १५ | ०.६७ | १.५ | १३ | ०.५९ | १.३ |
| २६ | महङ्गी भत्ता | | | | | | | | |
| १.२.२.१ | स्थायी कर्मचारीको महंगी भत्ता | २११३२ | जना | १८ | १.९४ | ४.३२ | १३ | १.४१ | ३.२४ |
| २८ | अन्य भत्ता | | | | | | | | |
| १.२.८.१ | प्रसुती स्याहार भत्ता | २११३९ | जना | २ | ०.०४ | ०.१ | ० | ० | ० |
| १.२.१०.१ | पाले पहरा भत्ता | २११३९ | जना | ४ | ०.२७ | ०.६ | ४ | ०.२७ | ०.६ |
| १.२.१०.२ | बैठक भत्ता | २११३९ | पटक | ४ | ०.२२ | ०.४८ | ४ | ०.२२ | ०.४२ |
| २९ | पानी बिजुली | | | | | | | | |
| २.१.२.४६ | कार्यालयको विध्दुत महशुल | २२१११ | वटा | १२ | ०.५४ | १.२ | १२ | ०.५४ | १.१९ |
| २.१.२.४७ | महेशपुर, बेलहिया र कृष्णागर चेक पोष्टको विध्दुत महशुल | २२१११ | संख्या | १२ | १.०८ | २.४ | १२ | १.०८ | २.३९ |
| २.१.३.१ | जारको पिउने पानी | २२१११ | जार | १५० | ०.४ | ०.९ | १५० | ०.४ | ०.९ |
| ३० | संचार महशुल | | | | | | | | |
| २.१.६.१ | टेलिफोन महसुल | २२२१२ | महिना | ६ | ०.३६ | ०.८ | ६ | ०.३६ | ०.८ |
| २.१.६.१८ | संचार महसुल (इमेल,इन्टरनेट,हुलाक,कुरियर आदि) | २२२१२ | पटक | ४ | ०.३७ | ०.८२ | ४ | ०.३७ | ०.८२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | कार्यालय सम्बन्धी | | | | | | | | |
| २.४.१.१३६ | चेकपोष्टहरुका लागि स्टेशनरी टोनर लगायत वार्षिक मसलन्द खरिद | २२३११ | पटक | १२ | ०.५४ | १.२ | १२ | ०.५४ | १.२ |
| ३२ | घर भाडा | | | | | | | | |
| ८.१.३.३ | कार्यालयकाे घर भाडा ( चेकपोष्ट सञ्चालन) | २८१४२ | संख्या | १ | १.२४ | २.७६ | १ | १.२४ | २.४ |
| ३३ | मर्मत संभार | | | | | | | | |
| २.३.१.१५ | चार पांग्रे सवारी साधन मर्मत | २२२१३ | पटक | ४ | १.३५ | ३ | ४ | १.३५ | ३ |
| २.३.१.१८१ | कार्यालयका २ पाङग्रे सवारीसाधन नियमित सर्भिसिङ तथा मर्मत | २२२१३ | पटक/ किसिम | ५ | ०.२२ | ०.५ | ५ | ०.२२ | ०.५ |
| २.३.१.१८३ | चेक पोष्टका २ पाङ्ग्रे सवारी साधन मर्मत | २२२१३ | वटा | ९ | ०.४ | ०.९ | ९ | ०.४ | ०.९ |
| ३४ | ईन्धन | | | | | | | | |
| २.२.२.९ | चार पाङ्ग्रे सवारी साधनको लागि ईन्धन | २२२१२ | लीटर | ४८० | ०.३५ | ०.७७ | ४८० | ०.३५ | ०.७७ |
| २.२.२.२० | अन्य गियर आयल ब्रेक आयल आदि | २२२१२ | लीटर | ६० | ०.२७ | ०.६ | ६० | ०.२७ | ०.६ |
| २.२.२.३७ | कार्यालयहरुबाट संचालित विभिन्न कार्यक्रमहरुको अनुगमन निरिक्षणको लागी इन्धन | २२२१२ | लीटर | ७२० | ०.५२ | १.१६ | ७२० | ०.५२ | १.१६ |
| २.२.२.१३६ | पशुपन्छीहरुको सिमाबिहिन माहामारी रोग सभिलेन्स, नमुना सकलन, रोग अन्वेषण एव रोकथाम | २२२१२ | लीटर | ५४० | ०.४१ | ०.९२ | ५४० | ०.४१ | ०.९२ |
| २.२.२.२९२ | चेकपोष्टका २ पाङग्रे सवारीका लागि पेट्रोल | २२२१२ | जना | ६०० | ०.४८ | १.०७ | ६०० | ०.४८ | १.०७ |
| २.२.२.२९३ | कार्यालयका २ पाङग्रे सवारीका लागि पेट्रोल | २२२१२ | जना | ४८० | ०.३९ | ०.८६ | ४८० | ०.३९ | ०.८६ |
| २.२.२.३९३ | माताहतका चेकपोष्ट कार्यालयको अनुगमन निरीक्षणका लागी इन्धन | २२२१२ | पटक | ३६० | 0.26 | 0.58 | 360 | 0.26 | 0.58 |
| २.२.२.४२९ | बोर्डर सर्भिलेन्सको लागि ईन्धन | २२२१२ | लीटर | ४८० | ०.३७ | ०.८२ | ४८० | ०.३७ | ०.८२ |
| २.२.२.४३० | अबैध रुपमा पशुपन्छीहरुको पैठारी नियन्त्रण कार्यदल परिचालनको लागि ईन्धन | २२२१२ | लीटर | ४८० | ०.३७ | ०.८२ | ४८० | ०.३७ | ०.८२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | विमा | | | | | | | | |
| २.९.२.३ | गाडी विमा तथा नविकरण | 22214 | पटक/ संख्या | १ | ०.२२ | ०.५ | १ | ०.२२ | ०.४१ |
| २.९.२.४ | मोटरसाईकल विमा तथा नविकरण | 22214 | पटक/ संख्या | १० | ०.४ | ०.९ | १० | ०.४ | ०.७९ |
| ३६ | इन्धन अन्य प्रयोजन | | | | | | | | |
| २.२.३.१०३ | अबैध समातिएका पशु तथा पशुजन्य पदार्थ नस्ट गर्न मट्टीतेल | २२३१४ | लीटर | १५० | ०.११ | ०.२४ | १५० | ०.११ | ०.२४ |
| २.२.३.१२६ | कार्यालय तथा चेकपोष्टका लागी ग्यास रिफिल | २२३१४ | संख्या | २४ | ०.२२ | ०.४८ | २४ | ०.२२ | ०.५ |
| ३८ | विविध खर्च | | | | | | | | |
| २.९.६.९६ | मासिक मिटिङ तथा चेकपोष्टहरुमा चियापान खर्च | २२७११ | पटक | १२ | ०.६५ | १.४४ | १२ | ०.६५ | १.४४ |
| ३९ | कार्यक्रम खर्च | | | | | | | | |
| २.७.५.६२५ | Survillence नमुना प्रेशण तथा रिपोर्टिङ | २२५२२ | पटक | १२ | ०.८१ | १.८ | 12 | ०.८१ | १.६५ |
| २.७.६.३६८ | पोष्ट क्वारेन्टाईन अनुगमन | २२५२२ | पटक | ४ | ०.३९ | ०.८६ | ४ | ०.३९ | ०.७८ |
| २.७.७.२०१ | अन्तर क्वारेन्टाईन कार्यालय अवलोकन अध्ययन भ्रमण कार्यक्रम | २२५२२ | संख्या | १ | १.१२ | २.५ | १ | १.१२ | २.५ |
| २.७.१८.१६०० | कृष्णनगर लुम्बीनी तथा पच्चिम नवलपरासीमा लाग्ने साप्ताहिक हाट बजारबाट नमुना संकलन तथा प्रेषण | २२५२२ | पटक | ३ | ०.६७ | १.५ | ३ | ०.६७ | १.३५ |
| २.७.२१.५ | अवैध बरामद गरिएका पशुपंक्षी ढुवानीमा प्रयोग भएका सवारीसाधन तथा Disposal स्थलको निसंक्रमण | २२५२२ | पटक | १२ | १.०८ | २.४ | १२ | १.०८ | २.१ |
| २.७.२५.१०८९ | स्थलगतरुपमा चेकपोष्टबाट आयातित पशुबस्तुको नमुना परिक्षण (जात परिक्षण तथा सक्रामक रोगहरु परिक्षण) | २२५२२ | पटक | १२ | ०.६३ | १.४ | १२ | ०.६३ | १.१३ |
| २.७.२५.११२ | कर्मचारीहरुलाइ लजिस्टक सर्पोट (एप्रोन, मास्क,गमबुट, ब्याग, पन्जा, लगायत अन्य सामाग्री) | २२५२२ | जना | १८ | ०.८१ | १.८ | १८ | ०.८१ | १.८ |
| २.७.२५.३२४ | अवैध पैठारी कार्यदल परिचालन | २२५२२ | महिना | ३ | ०.३४ | ०.७५ | ३ | ०.३४ | ०.६३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७.२५.३९८ | स्थलगत प्रारम्भीक नमुना परिक्षणको लागी Rapid Test Kit खरिद (FMD, PPR, AI, etc) | २२५२२ | पटक | ३ | ०.६७ | १.५ | ३ | ०.६७ | १.३६ |
| ४० | अ. मुल्यांकन | | | | | | | | |
| २.८.१.१२४ | नाका अनुगमन | २२६११ | संख्या | २४ | १.४ | ३.१२ | २४ | १.४ | ३.१२ |
| २.८.१.२०८ | क्वारेन्टाइन कार्यको अनुगमन | २२६११ | पटक | २० | १.१७ | २.६ | २० | १.७ | २.५९ |
| ४१ | भर्मण खर्च | | | | | | | | |
| २.८.२.४ | प्रगति समिक्षा तथा अन्य गोष्ठीमा भागलिन जांदाको भ्रमण खर्च | २२६१२ | पटक | ४ | ०.६१ | १.३५ | ४ | ०.६१ | १.३५ |
| २.८.२.५२ | अबैध समाितिएका पशु, पशुजन्य पदार्थ नष्ट गर्न | २२६१२ | पटक | ३० | ०.७३ | १.६२ | ३० | ०.७३ | १.६२ |
| २.८.२.२४८ | कर्मचारी सरुवा खर्च | २२६१२ | जना | ४ | ०.१८ | ०.४१ | ४ | ०.१८ | ०.४१ |
| ४२ | करार सेवा | | | | | | | | |
| २.५.७.१ | रिक्त रहेको सवारी चालक सेवा करार | २२४१३ | संख्या | १ | १.६१ | ३.५९ | १ | १.६१ | ३.५९ |
| २.५.७.३ | कार्यालय सहयोगी सेवा करारमा लिने | २२४१३ | संख्या | २ | २.८८ | ६.४३ | २ | २.८८ | ६.४२ |
| २.५.७.५ | सेवा करारका कर्मचारीलाई पोशाक खर्च | २२४१३ | संख्या | ३ | ०.१३ | ०.३ | ३ | ०.१३ | ०.३ |
| ४९ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चाल खर्च | | | | | | | | |
| २.३.२.३११ | कार्यालयमा रहेका कम्प्युटर, फोटोकपी, प्रिन्टर, ल्यापटप तथा इन्टरनेट सम्बन्धी मर्मत | २२२२१ | पटक | १२ | ०.१९ | ०.४२ | १२ | ०.१९ | ०.४२ |
| २.३.२.३१२ | चेक पोष्टमा रहेका कम्प्युटर, फोटोकपी, प्रिन्टर, ल्यापटप तथा इन्टरनेट सम्बन्धी मर्मत | २२२२१ | पटक | १२ | ०.१९ | ०.४२ | १२ | ०.१९ | ०.४२ |
| २.३.२.३१३ | कार्यालयमा विजुली बत्तीर लाइन मर्मत सुधार | २२२२१ | पटक | १२ | ०.१३ | ०.३ | १२ | ०.१३ | ०.३ |
| २.३.२.३१४ | चेक पोष्टमा विजुली बत्ती र लाइन मर्मत | २२२२१ | पटक | १२ | ०.१९ | ०.४२ | १२ | ०.१९ | ०.३५ |
| ५० | अन्य सम्पत्तीहरुको सचालन तथा सम्भार खर्च | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.३.१४.२६ | कार्यालय तथा चेक पोष्टमा रहेका फर्निचर मर्मत (दराज, कुर्सी, टेवल, सोफा लगायत) | २२२९१ | पटक | ४ | ०.२७ | ०.६ | ४ | ०.२७ | ०.६ |
| २.३.१८.७२ | कार्यालय तथा चेक पोष्टमा रहेका A.C., Invertor तथा Battry मर्मत | २२२९१ | पटक | ६ | ०.३२ | ०.७२ | ६ | ०.३२ | ०.७२ |
| ५१ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | | | | | | | | |
| २.४.१३.५ | कार्यालयको लागि पत्रपत्रीका खरिद | 22315 | पटक | ४ | ०.०९ | ०.२ | ४ | ०.०९ | ०.२ |
| २.४.१४.६८ | पत्रपत्रिका स्थानिय एफ एम रेडियोहरुबाट पशु क्वारेन्टाईन सम्बन्धी सन्देशमुलक सूचना तथा विज्ञापन प्रकाशन | 22315 | पटक | १२ | ०.६५ | १.४४ | १२ | ०.६५ | १.४४ |
| ५५ | ल्याब संचालन सेवा | | | | | | | | |
| २.७.२५.१८५२ | प्रयोगशाला संचालनको लागि ल्याब केमिकल खरिद | २२५२२ | पटक | ४ | ०.४५ | १ | ४ | ०.४५ | ०.७५ |
| ६५ | बार्षिक पुष्तिका प्रकाशन | | | | | | | | |
| २.४.१३.१६ | वार्षिक प्रगती पुस्तिका प्रकाशन | २२३१५ | पटक | १ | ०.२२ | ०.५ | १ | ०.२२ | ०.५ |
| **चालु खर्च कार्यक्रमको जम्माः** | | | | **६८४५** | **९३.६६** | **२०८.७** | **५८६१** | **९२.९१** | **१८६.४२** |
| **कुल जम्मा खर्चः** | | | | **६८५४** | **१००.१** | **२२२.९६** | **५८६९** | **९८.८९** | **१९८.९७** |

***(रकम रू. लाखमा)***

पुजिँगत खर्चको भारित प्रगतिः ९३.०१%

पुजिँगत खर्चको वित्तिय प्रतिशतः ८७.७३%

चालुगत खर्चको भारित प्रगतिः ९९.१९%

चालुगत खर्चको बित्तिय प्रतिशतः ८९.३२%

तयार गर्नेः स्निया गुरुङ्ग
दस्तखतः
पदः पशु स्वास्थ्य प्राविधिक

कार्यालय प्रमुखः डा. भक्त निउरे
दस्तखतः
पदः बरिष्ठ पशु चिकित्सक

## ४.२. पशु क्वारेन्टाइन कार्यालय, भैरहवाको चेकपोष्टगत त्रैमासिक तथा बार्षिक आयात विवरण

आ.ब.२०८१/०८२ मा पशु क्वारेन्टाइन कार्यालय, रुपन्देही अन्तर्गका विभिन्न चेकपोष्टहरू भएर भारतबाट आयात भएका पशुहरूको मासिक तथा बार्षिक बिवरण तालिका ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६: आयातित पशुहरूको क्वारेन्टाइन चेकपोष्टगत त्रैमासिक तथा बार्षिक विवरण (आ.ब.२०८१/०८२)**

| कोड. नं. | विवरण | ईकाई | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चोथो त्रैमासिक | वार्षिक आयात |
|---|---|---|---|---|---|---|---|
| पशुपंछी | | | | | | | |
| A6 | घोडा | | ० | ११ | ० | ५ | १६ |
| A5 | कुकुर | संख्या | ० | २ | - | २ | ४ |
| पशुजन्य पदार्थ | | | | | | | |
| A10 | खाने माछा | मे.ट. | ० | १.९८ | ६.१६ | ० | ८.१४ |
| पशु उत्पादन सामाग्री | | | | | | | |
| APM1 | सिद्रा माछा | मे.ट. | १७.७० | १९६.९९ | ४२.७३ | ३७.०८ | २९४.५ |
| APM2 | सि फुड | मे.ट. | २३.८२ | १९.१६ | ० | ० | ४२.९८ |
| APM12 | क्याटल फिड | मे.ट. | १६२ | १४० | १८५ | २५२ | ७३९ |
| APM16 | फिड सप्लिमेन्ट | मे.ट. | ८८६.२६ | १०१२.४४ | ७४९.६५ | १०४१.०४ | ३६८९.३९ |
| APM3 | फिस मिल | मे.ट. | ० | १५ | ३५ | ० | ५० |
| | माछाको दाना | मे.ट. | २७७.७० | ८७.९८ | ५६.८३ | ४३४ | ८५६.८५ |
| | प्राउन माछा | मे.ट. | ० | ० | १४.७६ | १०.८१ | २५.५७ |
| | डग फुड | मे.ट. | ३०.२६ | ० | ० | २५.४६ | ५५.७२ |

## ४.३. अवैध समातिएका पशु तथा पशुजन्य पदार्थहरू नष्ट गरेको विवरण

पशु क्वारेन्टाइन कार्यालय, रुपन्देही तथा अन्तर्गतका चेकपोष्टद्वारा स्थानिय सुरक्षा निकायहरूसँगको समन्वयमा अनाधिकृत रूपमा नेपाल भित्र्याउन लागिएका पशु तथा पशुजन्य पदार्थहरू नष्ट गरिएको विवरण तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७: अनाधिकृत पैठारी गर्न लागिएका पशु तथा पशुजन्य पदार्थहरू नष्ट गरिएको त्रैमासिक तथा बार्षिक विवरण (आ.ब. २०८१/८२)**

| सि.नं. | विवरण | ईकाई | पशु क्वारेनुटाईन चेकपोष्ट | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | बेलहिया | कृष्णनगर | महेशपुर | | |
| १. | कुखुराको चल्ला | संख्या | ४९६० | १४६०० | २०९३० | ४०४९० | |
| २. | ब्रोईलर कुखुरा | संख्या | ४०२२ | १२४७ | ४४२७ | ९६९६ | |
| ३. | कुखुराको मासु | कि.ग्रा. | २०५ | ० | ० | २०५ | |
| ४. | सेतो अण्डा | संख्या | १९८० | ३९० | ११७० | ३५४० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | दुध | लिटर | ० | ४०० | ० | ४०० | |
| ६. | माछा | कि.ग्रा. | २०२० | १२४० | १५६५ | **४८२५** | |

तालिका ८ : २०८१/८२ को दातृ निकायगत बजेट र खर्चको आर्थिक बिवरण (पुंजिगत खर्च तर्फ)

